(ध) विदेशी दातृ संस्थाहरुसंग सम्झौता गर्न वा सहयोग लिनको लागि श्री ५ को सरकारको पूर्व स्वीकृत लिएर मात्र माथि उल्लेखित कार्यहरु गर्ने गराउने ।

(न) कार्यसमितिका सदस्य र कर्मचारीले समितिको कामकाज गर्दा असल नियतले गरेको काम कारवाहीमा कुनै हानी नोक्सानी हुन गएमा व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन ।

१४ **गणपूरक संख्या** :- (१) कुल सदस्य संख्याको ५१% (एकाउन्न) प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभइ साधारण सभाको काम कारवाही हुने छैन ।

तर विधानको दफा ११ को दफा (४) मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा कुल सदस्य संख्याको ५१% (एकाउन्न) प्रतिनिधित्व हुने गरी उपस्थित नभएमा सभा गर्न बाधा पर्ने छैन ।

(२) माथिका उपदफाहरुमा जुन सुकै कुरा लेखिएको भएता पनि संस्थाको विधान संशोधन गर्न संस्थाका सम्पूर्ण सदस्य संख्याको ७५% (पचहत्तर) तथा सो भन्दा बढी सदस्यको उपस्थित भएको हुनु पर्नेछ ।

## परिच्छेद - ६

# कोष

१५. **संस्थाको कोष** : (१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ, र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन् ।

(क) सदस्यता शुल्क वापत प्राप्त रकम,

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम,

(ग) संस्थाले आर्जन गरेको चल तथा अचल सम्पत्ति ।

(घ) संस्थाले लगानी गरेको पूँजी र आर्जन गरेको अन्य रकम ।

(ङ) श्री ५ को सरकार र राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ संस्था तथा व्यक्तिबाट प्रचलित कानून अनुसार प्राप्त दान तथा उपहार । लिदा श्री ५ को सरकारको पूर्व स्वीकृत लिइनेछ ।

(च) संस्थाले सञ्चालन गरेको विभिन्न क्रियाकलाप तथा कार्यक्रमहरूबाट आएको रकम ।

(छ) आय श्रोतहरूबाट प्राप्त आर्थिक तथा वस्तुगत सहयोग तथा अनुदान रकम ।

(ज) कार्यसमिति तथा साधारण सभाको स्वीकृतिबाट सरकारी तथा विभिन्न गैरसरकारी संघ संस्थाबाट लिएको ऋण तथा सहयोग ।

(२) विदेशी व्यक्ति संघ संस्थाबाट अनुदान रकम लिने भए संस्थाले समाज कल्याण परिषद् वा अर्थ मन्त्रालयको स्वीकृति लिनेछ ।

१६. **खाता संचालन** :- संस्थाको अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । तर संस्थाको खाता संचालनका लागि कार्यसमितिले कुनै निर्णय गरी संचालन गर्न गराउन (त्यस्मा कोषाध्यक्षलाई अधिकार दिई) यस दफाले बाधा पुऱ्याएको मानिने छैन । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था गरिनेछ ।